लहान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
(आन्तरिक राजस्व व्यवस्थापन उप-शाखा) ☎ :- ०३३ -
लहान (सिरहा)
२ नं. प्रदेश, नेपाल

## बैलहाट (पशु बजार) सेवा शुल्क संकलन ठेक्का सम्वन्धि शिलबन्दी दरभाउपत्र आह्वान सूचना ।

(प्रथम पटक सूचना प्रकाशित मिति:- २०७४/१०/१७)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने स्थानीय पूर्वाधार सेवा र उपयोगमा सकलन गर्न पाउने "बैलहाट (पशुबजार) सेवा शुल्क" सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम आन्तरिक आय तर्फ **बैलहाट (पशु बजार) सेवा शुल्क संकलन गर्न** प्रथम नगर सभाबाट स्वीकृत दररेटमा आ.व.२०७४/०७५ को फाल्गुन १ गते देखि आ.व.२०७५/०७६ को माघ मसान्त सम्म १ (एक) बर्षकालागि अग्रीम एकमुष्ठ गर्नी महशुलमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट यस कार्यालयको website:www.lahanmun.gov.np मा राखिएको तथा यस कार्यालय र विभिन्न कार्यालयको सूचना पाटीमा टास गरिएको विस्तृत सूचनामा तोकिएका शर्तहरुको अधिनमा रही प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) औं दिन (मिति २०७४/११/०२) सम्म कार्यालय समयभित्र दरभाउपत्र फारम दस्तुर रु. १,०००।- (एक हजार) तथा टिकट वापत रु. १०।- (दश) समेत (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको आन्तरिक राजस्व व्यवस्थापन उप-शाखाबाट दरभाउपत्र फारम खरिद गरी १६ (सोह्र) औं दिन (मिति २०७४/११/०३) दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता हुने गरी रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

## लहान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

(आन्तरिक राजस्व व्यवस्थापन उप-शाखा)

लहान (सिरहा)

२ नं. प्रदेश, नेपाल

पत्र संख्या :- २०७४/०७५

चलानी नं. :-

मिति :- २०७४/१०/१७

प्रथम पटक प्रकाशित २०७४/१०/१७

---

विषय :- बैलहाट (पशु बजार) सेवा शुल्क संकलन ठेक्का सम्वन्धि शिलबन्दी दरभाउपत्र आहवान सूचना ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिम यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने स्थानीय पूर्वाधार सेवा र उपयोगमा संकलन गर्न पाउने बैलहाट (पशु बजार) सेवा शुल्क संकलन, गर्न प्रथम नगर सभावाट स्वीकृत दररेटमा आ.व. २०७४/०७५ को २०७४ फाल्गुण १० गते देखि २०७५ माघ मसान्त सम्मका लागि अग्रीम एकमुष्ठ गनी महशुलमा ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट निम्न शर्तहरुका अधिनमा रही रीतपूर्वकको शिलवन्दी दरभाउपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु :-

०१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन (मिति २०७४/११/०२ गते) सम्म कार्यालय समय भित्र दरभाउपत्र फारम दस्तुर रु. १,०००/- (एक हजार) तथा टिकट बापत रु. १०/- (दस) समेत (पछि फिर्ता नहुने गरी) यस कार्यालयको आन्तरिक राजस्व व्यवस्थापन उप-शाखावाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

०२. खरिद गरिएको दरभाउपत्रमा उल्लेख भएका सबै विवरणहरु प्रष्ट संग अध्ययन गरी सम्वन्धित व्यक्तिले प्रत्येक पानामा सही छाप गरी शिलवन्दी गरी खाम वाहिर ठेक्काको नाम र प्रेषकको नाम र ठेगाना प्रष्ट संग लेखी १६ औं दिन अर्थात मिति २०७४/११/०३ गते का दिन, दिनको १२:०० वजे सम्म खामी यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । यसरी दर्ता भएका शिलवन्दी दरभाउपत्रहरु सोही दिन दिनको २:०० वजे उपस्थित शिलवन्दी दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा न.पा.कार्यालयमा खोलिने छ । उक्त समयमा शिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि रितपूर्वकको शिलवन्दी दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।

०३. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा बिक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

०४. शिलवन्दी दरभाउपत्र साथ आफूले कवोल गरेको अंकको नेपाली नागरिक भए ५% र विदेशी नागरिक भए १०% ले हुने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लि.,लहान को च.हि.नं.०३६०२०००००००२००००० धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको यस कार्यालयका नाउँमा मान्यता प्राप्त वाणिज्य बैंकवाट जारि गरिएको कम्तीमा ७५ दिन म्याद भएको जमानी पत्र सक्कल प्रति संलग्न राख्नु पर्नेछ । साथै धरौटी रकम शिलवन्दी दरभाउपत्र साथ नगद खामी आएमा नगरपालिका जिम्मेवार हुने छैन ।

०५. दरभाउपत्र फारम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

०६. शिलवन्दी दरभाउपत्र स्वीकृत भए पछि ठेक रकमको अत्तिरिक्त न.पा. द्वारा संचालित दुर्गा पूजाकोलागि ठेक अंकमा १.५% रकम जोडि एकमुष्ठ दाखिला गर्नु पर्नेछ ।

०७. ठेक्का अवधि २०७४ फाल्गुण १० गते देखि २०७५ माघ मसान्त सम्म हुनेछ । कुनै कारण यस ठेक्काको अवधि कम भएमा स्वीकृत ठेक अंकलाई आधार मानी कम हुने अवधिको दामाशाहीले कम हुन आउने अंकलाई ठेक अंक मानिनेछ ।

०८. शिलवन्दी दरभाउपत्र पेश गर्दा शिलवन्दी दरभाउपत्रदाताको तर्फवाट कुनै किसिमको शर्त मान्य हुनेछैन । शर्त सहितको शिलवन्दी दरभाउपत्र लाई बदर मानिने छ । साथै रीत नपुगी वा म्याद नाघी आएको शिलवन्दी दरभाउपत्र उपर कुनै कार्यवाही हुने छैन ।

०९. एक पटक सेवा शुल्क लिई सकेको मवेसिमा पुनः दोहरो शुल्क लिन पाईने छैन ।

१०. शुल्क असुल गर्दा करदातालाई दिईने रसिद नगर कार्यपालिकाको कार्यालयले तोकि दिएको ढांचामा ठेकेदारले आफनो तर्फवाट छपाई कार्यालय प्रमुख, प्रमुख प्रशासकीय अधिकृतवाट प्रमाणित गराइं कार्यालयको छाप लगाई रसिद नम्वर दाखिल गरेर मात्र प्रयोग गर्न पाईनेछ । प्रमाणित बिनाको रसिद प्रयोग गरेको पाईएमा न.पा.द्वारा कानुनी कार्यवाही गरिनेछ ।

११. यस ठेक्का वापत नेपाल सरकारलाई बुझाउनु पर्ने सम्पूर्ण कर दस्तुर फि महशुल आदी ठेकेदारले नै बुझाउनु पर्नेछ ।

१२. ठेकेदारले शुल्क उठाउन नियुक्त गरेको कर्मचारीको नाम, थर, ठेगाना खुलेको नामावली न.पा.कार्यालयमा पेश गर्नु पर्नेछ । त्यसरी नियुक्त कर्मचारीले दरवन्दी भन्दा बढी रकम उठाएमा वा न.पा.को अहित हुने काम कार्यवाही गरेमा त्यसको उत्तरदायित्व ठेकेदारले नै व्यहोर्नु पर्नेछ ।

१३. ठेक्का सम्वन्धि कुनै समस्या आई परेमा वा यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम तथा केन्द्रीय सरकार, प्रदेशय सरकारवाट समय समयमा भए गरेको आदेश, निर्देशन र परिपत्रको आधारमा न.पा.ले समाधान गर्ने छ र सोही समाधान अन्तिम पनि हुनेछ ।

१४. ठेक्का संचालन गर्दा कुनै विवाद उत्पन्न भई ठेक्का तोडिन गएमा नगरपालिकाले दामाशाहीले अंक निर्धारण गर्नेछ, त्यसमा ठेकेदारले कुनै विवाद गर्न पाउने छैन ।

१५. प्राप्त शिलवन्दी दरभाउपत्रहरु कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१६. यस सेवा शुल्क ठेक्काको न्यनतम ठेक अक्त रु. ४,२५,७५२।- (चार लाख पचिस हजार सात सय बाउन्न) अन्य कर वाहेक कायम रहेकोले, सो भन्दा कम कबोल गर्न पाईने छैन ।

१७. आफुले कबोल गरेको अक्त स्वीकृत भएमा स्वीकृत भए बमोजिमको रकम अग्रिमरुपमा एकमुष्ट बुझाई कबुलियतनामा गरी चलनपट्टा लिई ठेक्का संचालन गर्नु पर्नेछ ।

१८. शिलवन्दी दरभाउपत्र सम्वन्धी केही कुरा बुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

तपसिल

बैलहाट (पशु बजार) सेवा शुल्कको दररेट

| सि.नं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| ०१. | गाई, गोरु, भैंसी, राँगा, घोडा र घोडी प्रति थान बेच्नेवाट | १००।-(एक सय मात्र ) | |
| ०२. | गाई, गोरु, भैंसी, राँगा, घोडा र घोडी प्रति थान किन्नेवाट | १००।-(एक सय मात्र ) | |

(मायानाथ आचार्य)

लेखा अधिकृत